# मिति २०७९/०४/२० गते वसेको कार्यपालिकाको वैठकका निर्णयहरु

१ अघिल्लो वैठकमा भएका निर्णयहरु र सो सम्वन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । वैठकका निर्णयहरु कार्यान्वयन सन्तोषजनक पाइयो ।

२ मन्थली नगरपालिकाको स्वीकृत खेलकुद विकास ऐन २०७६ को दफा ३ को उपदफा १ वमोजिम गठन हुने नगर खेलकुद विकास समितिमा देहाय वमोजिम अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु मनोनित गर्ने ।

- दफा ३ को उपदफा २ क वमोजिम अध्यक्षमा श्री गोपालवहादुर माझी, वडा नं ६ मन्थली नगरपालिका ।
- दफा ३ को उपदफा २ ख वमोजिम उपाध्यक्षमा श्री वासुदेव फुयाँल, वडा नं १ मन्थली नगरपालिका ।
- दफा ३ को उपदफा २ ग वमोजिम सदस्यहरु

  ग. श्री सुरेन्द्रवहादुर कार्की वडाध्यक्ष वडा न २ मन्थली नगरपालिका ।

  घ. श्री मुना सार्की , कार्यपालिका सदस्य मन्थली नगरपालिका ।

३ नगर विकास समिति ( संशोधन सहित) २०४५ को दफा ४ को उपदफा ४.१ वमोजिम गठन हुने नगर विकास समितिमा देहायका सदस्यहरु मनोनयन गर्ने ।

- दफा ४ उपदफा ४.२ को ४.२.५ वमोजिमको सदस्यहरुमा

  क. श्री होमप्रसाद पौडेल, वडाध्यक्ष वडा न १ मन्थली नगरपालिका ।

  ख. श्री कृष्णगोपाल थापा, वडाध्यक्ष वडा न ३ मन्थली नगरपालिका ।

  ग. श्री उद्धव रम्तेल, कार्यपालिका सदस्य, मन्थली नगरपालिका ।
- दफा ४ उपदफा ४.२ को ४.२.६ वमोजिमका सदस्यहरुमा

  ग. श्री नारायणदास श्रेष्ठ, वडा न १, मन्थली नगरपालिका ।

  घ. श्री शान्ता न्यौपाने सुवेदी, वडा न १, मन्थली नगरपालिका ।

४. मन्थली नगरपालिकावाट स्वीकृत नगर युवा परिषद सञ्चालन कार्यविधि २०७८ को परिच्छेद ३ दफा ५ को उपदफा १ वमोजिम गठन हुने नगर युवा परिषदको उपाध्यक्षमा श्री पुस्कर भट्टराई , वडा न ३ मन्थली नगरपालिका लाई मनोनयन गर्ने ।

२०७९।४।२०

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश नेपाल

५.आ व २०७८/०७९ देखि विज्ञान विषय अध्ययन गर्न चाहने नगर भित्रका वालवालिकाहरुलाई वडा र नगरपालिकाको सिफारिसमा नि:शुल्क अध्ययन गराउन अनुदान दिने व्यवस्था गर्दै आएकोमा उक्त अनुदान विद्यालयलाई उपलव्ध गराउन "**कक्षा ११ र १२ मा नि:शुल्क विज्ञान विषय अध्ययन गराउने विद्यालयलाई अनुदान उपलव्ध गराउने कार्यविधि २०७९**" स्वीकृत गर्ने ।

६.यस नगरपालिकाले स्वीकृत गरी उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि २०७५ कार्यान्वयन भइरहेको सन्दर्भमा कार्यान्वयनको चरणमा परेका जटिलता र सुधार गर्नु पर्ने पक्षका वारेमा स्पष्ट हुन आवश्यक देखिएकोले छलफलमा प्रस्ताव भए वमोजिम संशोधन गर्न उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि २०७५ संशोधन गर्ने ।

७ यस मन्थली नगरपालिकाले जारी गरेको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा १ वमोजिम गठन हुने नगर शिक्षा समितिमा देहायका सदस्यहरु मनोनयन गर्ने ।

- दफा ९ उपदफा २ ख वमोजिम सामाजिक विकास समितिका संयोजक श्री गोपाल श्रेष्ठ
- दफा ९ उपदफा २ ग वमोजिम श्री सुरेन्द्र वहादुर कार्की वडाध्यक्ष, वडा नं २ मन्थली नगरपालिका ।

८.यस नगरपालिका भित्र गत आ व २०७८/०७९ मा नगरपालिकाका शाखा र वडाहरुले सञ्चालन गरेको वार्षिक कार्यक्रमको वार्षिक प्रगति समीक्षा यही २०७९ साल भाद्र ८ र ९ गते नगरपालिकाको सभा हलमा गर्ने ।

९.यस नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७९/०४/१७ गते वसेको वैठकले गरेको निर्णय वमोजिम कार्यान्वयन गर्ने ।

१०.मन्थली नगरपालिकाको मुख्य वजारक्षेत्रमा सडक आवगमन र वजार वस्तीलाई व्यवधान हुने गरी अस्थायी पसलको रुपमा सवारी साधन मार्फत घुम्ती व्यापार गर्ने कार्यलाई निरुत्साहित गरी राजश्वको दायरामा ल्याउन यस नगरपालिकाको वडा नं १ को हाट वजार लाग्ने क्षेत्रमा विक्री वितरण गर्ने व्यवस्था मिलाउने ।

2079/5/20

लिलाराज पाडेल
प्रमुख प्रशासकीय अधिकृत